नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
(मालपोत तथा भूमिसुधार शाखा)

फ्याक्स नं. ४२३०५८५
☎ महानिर्देशक: ४२२३०४९
☎ निर्देशक प्रशासन:- ४२२५९८२
☎ ...योजना:- ४२२६९८८
☎ क.प्र.शाखा:- ४२६६४९३
☎ आ.प्र.शाखा:- ४२६६४९३
☎ पिए Ext.:- ४२२००२८

बबरमहल, काठमाण्डौ
नेपाल ।

पत्र संख्या:- २०७७/०७८/ज.प्र. १९३/१ /१९६७
चलानी नं.:- ३०६

मितिः- २०७७।०५।१०

विषयः- <u>भोगाधिकारमा उपलब्ध गराएको जग्गाको भोगाधिकार अन्त्य सम्वन्धमा।</u>

श्री भूमिसुधार तथा मालपोत कार्यालय, सवै।
श्री मालपोत कार्यालय, सबै ।

उपरोक्त सम्बन्धमा सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्वन्धी कार्यनीति, २०७१ को दफा २१ को उपदफा (८) मा 'भोगाधिकार प्राप्त व्यक्ति, संस्था वा निकायले लिजमा परिणत गर्न म्याद भित्र निवेदन नदिएमा सो म्याद समाप्त भएपछि त्यस्तो भोगाधिकार स्वत: समाप्त भएको मानिनेछ र भोगाधिकारमा दिएको जग्गा नेपाल सरकारले भोग वा कब्जा गर्ने छ' त्यसै गरी उपदफा (९) मा 'भोगाधिकार समाप्ति भएमा सो को सूचना कार्यालयले सम्वन्धित पक्षलाई दिनु पर्नेछ' भन्ने व्यवस्था बमोजिम म्याद भित्र लिजमा परिणत नगर्ने व्यक्ति, संस्था वा निकायलाई भोगाधिकार अन्त्य भएको जानकारी गराउने र भोगाधिकार अन्त्य गरी श्रेस्ता नेपाल सरकारको नाममा कायम गर्ने (भोगाधिकार पाएको संस्थाको नाम कटाउने) भनी नेपाल सरकार (मा.मन्त्रिस्तर) बाट मिति २०७७।०५।०७ मा निर्णय भएको हुँदा निर्णयानुसार गर्न गराउनु हुन अनुरोध छ भनी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.सं.२.१/ज.प्र./०७७/०७८ (ज.टि.३१८६/६२) च.नं.२०५ मिति २०७७/०५/०८ को पत्रबाट लेखि आएकोले त्यहा कार्यालयको कार्यक्षेत्र भित्र भोगाधिकार प्राप्त व्यक्ति, संस्था वा निकायले लिजमा परिणत गर्न म्याद भित्र निवेदन नदिएको हकमा निर्णय अनुसार गरी सोको जानकारी पठाउनु हुन आदेशानुसार अनुरोध छ ।

<u>बोधार्थ</u>
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,
(जग्गा प्रशासन शाखा)
सिहंदरवार,काठमाण्डौ ।

२०७७।०५।१०
(कृष्ण प्रसाद जोशी)
शाखा अधिकृत